# अक्खालिपीमा मगर वर्णको प्रतिनिधित्व सम्वन्धि एक छलफल

## (A Discussion on Akkhascript for the Representation of Magar Phoneme)

### परिचय

मगर समुदायमा तीन वटा भाषाहरु मुख्यत: मगर काईके, मगर खाम्पाङ र मगर ढुट व्यवहारिक प्रयोगमा छन् । ती भाषाहरुको वर्णहरु निर्धारण भइसकेका छन् । यस लेखमा मगर काईके र मगर ढुटका वर्णहरुलाई अध्ययन गर्ने जमर्को गरिएको छ । मुख्यत: अक्खालिपीले मगर भाषाका वर्णहरुलाई प्रतिनिधित्व कति गर्न सक्छ र कति गर्न सक्दैन भनि केलाउने कोसिस गरिएको छ ।

### (क) मगर काईके

मगर काईके(भाषा) भोटबर्मेली भाषा परिवारको बोडिक समुहको हिमाली शाखाको मध्य हिमालीमा पर्दछ । यस भाषालाई नुनन ले बोडिस शाखाको तामाङगी उपशाखा अन्तर्गत पर्दछ भनि दावि गरेका छन् । मगर काइके भाषालाई भाषाविज्ञहरुको विभिन्न शाखा उपशाखामा पर्ने दावि रहे पनि यो भाषा भोटबर्मेली भाषा भने पक्कै हो । मगर काईके भाषाको वर्ण २०६४ सालमा निर्धारण गरिएको हो । "काईके मगर भाषाको वर्ण निर्धारण कार्यशाला गोष्ठि २०६४" ले २८ वटा व्यञ्जन वर्ण र ६ वटा स्वर वर्ण निर्धारण गरिएको थियो । तसर्थ सो कार्यशाला गोष्ठिले मगर काईके भाषामा व्यञ्जन व्रर्ण र स्वर वर्ण जम्मा ३४ वटा वर्ण निर्धारण गरिएको थियो ।

#### (अ) व्यञ्जन वर्ण (Consonant Sounds)

www.opedpost.com

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क् | ख् | ग् | ङ् | ङ्१ /ङ्ह२ | | | | |
| च् | छ् | ज् | | | | | | |
| त् | थ् | द् | न् | ऩ् /न्ह् | | | | |
| प् | फ् | ब् | म् | म़् /म्ह् | | | | |
| य् | य़ /य्ह् | र् | ऱ /र्ह् | ल् | ल़/ ल्ह् | व् | व़् /व्ह् | |
| स् | ह् | | | | | | | |

#### (आ) स्वर वर्ण (Vowel Sounds)

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

(ख) मगर ढुट:

मगर ढुट (भाषा) भोट-बर्मेली भाषा परिवारको बोडिक समूहको हिमाली शाखाको मध्य हिमाली अन्तर्गत पर्दछ। मगर ढुटमा ३४ वटा व्यञ्जन वर्ण र १२ वटा स्वर वर्णहरु छन्। ती वर्णहरुको तल उल्लेख गरिएको छ।

(अ) व्यञ्जन वर्ण (Consonant Sounds)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क् | ख् | ग् | घ् | ङ् | ङ्̤ | |
| च् | छ् | ज् | झ् | ञ् | | |
| ट् | ठ् | ड् | ढ् | न् | न्̤ | |
| प् | फ् | ब् | भ् | म् | म्̤ | |
| य् | य्̤ | र् | र्̤ | ल् | ल्̤ | व् व्̤ |
| स् | ह् | :/ ॽ | | | | |

महाप्राण

म्̤ न्̤ ङ्̤ य्̤ र्̤ ल्̤ व्̤

(आ) स्वर वर्ण (Vowel Sounds)

अ अ̣ आ आ̣ इ इ̣ उ उ̣ ए ए̣ ओ ओ̣

## अक्खालिपी

लिपीले भाषाका वर्णहरुलाई लेख्य रुपमा प्रतिनिधित्व गर्ने संकेत वा चिन्हहरु हुन्। कुनै पनि लिपीले कुनै पनि भाषाका सबै ध्वनि वा वर्णहरुलाई प्रतिनिधित्व गर्न सक्दैन। तसर्थ भाषाविदहरुले सबै ध्वनि वा वर्णहरुको प्रतिनिधित्व गर्नका लागि आइ. पि. ए. मा डाइक्रितिक चिन्ह (Diacritic Symbol) हरुलाई लेख्य अभ्यासमा ल्याइएका छन्। अक्खालिपि मगरहरुको लिपी हो। एम. एस. थापाका अनुसार प्राचिन समयमा यस(अक्खा) लिपीलाई "अक्काडी" लिपि भनि उल्लेख गरिएको छ। आज पनि गाउँघरमा पाका मगरहरुले हातको औंलाले आकाशमा अक्षर को आकार बनाएर अथवा सोधिने मानिसको पिठ्यूँमा औंलाले अक्षर कोरेर (Tracing) "यो के अक्षर हा" भनि सोधेर अक्षरको खेल मगरहरु खेल्दछन् र म स्वयं सानोमा गोठमा बस्दा यो खेलेको छु। बौद्ध ग्रन्थमा यस खेललाई "अक्खारिका" (AKKHARIKA) खेलको नामले उल्लेख भएको छ। यसमा एउटा महत्वपूर्ण कुरा के छ भने मगर भाषामा "रिक" को अर्थ "लेख्नु" र भूतकाल "रिका" को अर्थ "लेख्यो" हुन्छ। अक्खाको अर्थ मगर भाषामा अक्षर नै हुन्छ (थापा एम.एस. २०४९)।

(क) अक्खा अक्षर (व्यञ्जन वर्ण)

क ख ग घ ङ

च छ ज झ

ट ठ ड ढ न

प फ ब भ व म

स ह र ल य ञ

(ख) अक्खा अक्षर (स्वर वर्ण)

आ इ ई उ ऊ ए

<u>निष्कर्षहरु:</u>

१. माथि क मा उल्लेख गरिएको मगर काईके भाषाका वर्ण र अक्खा अक्षरलाई तुलना गर्दा मगर काइके भाषामा "घ", "झ" र "भ" वर्ण फेला परेको छैन । तसर्थ मगर काइके भाषाको व्यञ्जन वर्णका लागि "घ", "झ" र "भ" व्यञ्जन वर्णको प्रयोगको आवश्यकता नभएको देखिन्छ ।

२. मगर काइके भाषाको शिर्षक "आ" मा उल्लेख गरिएको स्वर वर्ण र अक्खा अक्षरमा उल्लेख स्वर वर्णलाई तुलनात्मक अध्ययन गर्दा "अ" र "ओ" स्वर वर्ण अक्खा अक्षरमा नरहेको देखिन्छ भने दीर्घ "इ" मगर काइकेको स्वर वर्णमा नभएको देखिन्छ । तसर्थ "अ" र "ओ" स्वर वर्णको अक्खा लिपीमा आविषकार वा खोज गर्नु पर्ने देखिन्छ ।

३. मगर काइके र मगर ढुट दुवै भाषामा महाप्राण वर्णका लागि छुट्टै लिपिको आविष्कार (Invention) वा पत्ता (Discovery) लगाउनु पर्ने देखिन्छ ।

४. मगर ढुट र अक्खा अक्षर तुलना गर्दा कठ्य स्पर्श (Glottal Stop) वर्णको कमि भएको देखिन्छ । त्यसैले कठ्य स्पर्श वर्णका लागि छुट्टै वर्ण आविष्कार (Invention) वा पत्ता (Discovery) लगाउनु पर्ने देखिन्छ ।

५. भाषा विकासको लागि लिपि अपरिहार्य छ। लिपिलाई व्यवहारिक प्रयोग गर्नकालागि सरकारले नै विद्यालय तथा विश्वविद्यालय स्तरमा पाठ्यक्रममा राखिदिनु पर्दछ । अन्यथा जातिय संगठनले भाषा र लिपि जोगाउने भनेको दिवा सपना मात्र हुन सक्दछ । तर अहिलेका कथित ठूला पार्टीबाट गठित सरकार भाषाको हत्यारा (Genocide)को भुमिका खेलिरहेको छ । भविष्यमा पनि जनजातिय भाषालाई संरक्षण तथा संवर्द्धन गर्दै उच्चतहसम्म सवैभाषामा अध्ययन अध्ययापनका लागि बजेट छुट्यार पाठ्यक्रममा लागु गर्ने अवस्था क्षिण देखिन्छ ।

६. एम. एस. थापाद्धारा पत्ता लगाएको लिपिलाई "ब्रम्ह लिपि" भनेको छ । यो "ब्रम्ह लिपि" हो वा के को यसको बारेमा थप स्पष्टताको आवश्यकता देखिन्छ ।

७. अबका दिनमा मगर भाषाको लागि अक्खारिका प्रयोग गर्नु उचित देखिन्छ । लिपिको प्रयोगमा मितव्यिता (Economy) हुनुपर्दछ । अक्खालिपिको प्रचार प्रसार (Diffusion) मगर समाजमा भइसकेको छ । यो मगर समाजमा केहिमात्रमा स्थापित भइसकेको छ । यदि यो मगरको लिपि होइन भने हाम्रो लिपि यो होइन यो हो भनेर अर्क नयाँ वैज्ञानिक र व्यवहारिक लिपि आविष्कार (Invention) वा पत्ता (Discover) लगाउनु पर्दछ । अन्यथा पूर्वाग्रही ढंगले यो हाम्रो लिपि होइन भन्नु भनेको आफुले पनि गर्न नसक्नु अरुले गरेको पनि देखि नसहनु जस्तो देखिन्छ ।

प्रस्तोता

पूर्ण बहादुर राना

## सन्दर्भ सामाग्रीहरु


Driem, George van (2001), Languages of the Himalays Volume One and Two

Yadava, Yogendra P and Calr Grove (2008),The Report of National Languages Policy Recommendation Commission

William O'Grady, Michael Dobrovolsky and Mark Aronoff (1997), Contemporary Linguistics An introduction Third Edition

थापा मगर, एम. एस. (२०४९), प्राचिन मगर र अक्खा लिपि

थापा, एम.एस. मगर (झेंडी) (२०५९), वर्णमाला

थापा मगर, लोक बहादुर र तारुË मगर, नारायण (२०६४), मगर ढूट (भाषा) को मानक लेखन

थापा, हिरासिंह (सोमेसेन मगर) (२०६६), मगर (ढुट)-खस-अङ्ग्रेजी आखर गोम्हक मगर (ढुट)-खस-अङ्जी शब्दकोश

नेपाली बृहत् शब्दकोश नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान-२०४०

पौडेल, डा. माधव प्रसाद (२०६९), प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु

राना मगर, उजिर (२०६४), काईके मगर भाषाको वर्ण निर्धारण कार्यशाला-गोष्ठि

सिङ्जाली, विष्णुकुमार र बुढामगर कर्णबहादुर (२०७१), मगर खाम÷पाङ ला राÿ र